आज मिति २०७६।०७।२ गतेका दिन धवलागिरी गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक गाउँपालिकाका अध्यक्ष श्री थमसरा पुनको अध्यक्षतामा बसी तपशिल बमोजिमको उपस्थितिमा देहाय बमोजिमको निर्णय गरियो ।

**तपशिलः**

| | |
|---|---|
| श्री थमसरा पुन | गा.पा. अध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री रेशम छन्त्याल | गा.पा. उपाध्यक्ष, धवलागिरी गाउँपालिका |
| श्री झक बहादुर छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. १, गुर्जा |
| श्री गम प्रसाद वि.क. | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. २, लुलाङ्ग |
| श्री पुर्म पुन | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ३, मुना |
| श्री वेग प्रसाद घर्ती | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ४, मुदी |
| श्री खर्क कुमारी छन्त्याल | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ५, मल्कवाङ्ग |
| श्री राजाराम उपाध्याय | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ६, मराङ्ग |
| श्री कलानिधी शर्मा | वडा अध्यक्ष, धवालगिरी गाउँपालिका वडा नं. ७, ताकम |
| श्री बाल कुमारी सुनार | कार्यपालिका सदस्य |
| श्री राम बहादुर वि.क. | कार्यपालिका सदस्य |
| श्री सुवा देवी पुर्जा | कार्यपालिका सदस्य |
| श्री किनमाया घर्ती | कार्यपालिका सदस्य |
| श्री देउप्रसाद छन्त्याल | कार्यपालिका सदस्य |
| श्री तिल कुमारी के.सी. | कार्यपालिका सदस्य |
| श्री गोविन्द सुनार | प्रमुख प्रशासकीय अधिकृत |

प्रस्तावहरु:

१. मुनामा प्रहरी चौकी स्थापना सम्वन्धमा ।

२. अ. न. मी. पदको विज्ञापन अनुमोदन सम्वन्धमा ।

३. उद्योग ग्राम स्थापनाका लागि समन्वय सम्वन्धमा ।

४. नयाँ पर्यटकिय गन्तव्य स्थल पहिचान सम्वन्धमा ।

**निर्णयहरु:**

निर्णय न १

प्रस्ताव न १ माथि व्यापक छलफल गर्दा धवलागिरी गाउँपालिकाको केन्द्र, मुना (ध.गा.पा. वडा नं. ३ ) मा प्रहरी चौकी स्थापना गर्नका लागि चाहिने न्युनतम आवश्यक कुराहरुको (प्रहरीहरुको वासको लागि घर वा घरभाडा, खाना पकाउनको लागि भाँडाकुडाँ, जग्गा र अन्य आवश्यक कुराहरु ) खर्च तथा व्वस्थापन पहिलो पटकको लागि गाउँपालिकाले व्यहोर्ने गर्ने गरी प्रहरी चौकी स्थापना गर्ने र सो को जानकारी सम्वन्धित निकायमा गराउने ।

निर्णय न २

प्रस्ताव न २ माथि व्यापक छलफल गर्दा यस गाउँपालिका विकट भौगोलिक स्थानमा रहेको वडा न. १ गुर्जा स्वास्थ्य चौकीमा अ.न.मी. पद खाली भई विज्ञापन गरी अ.न.मी. सिफारिस गरिएकोमा उक्त विज्ञापनलाई अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. ३

नेपाल सरकार तथा प्रदेश सरकारको एक स्थानीय तह एक औद्योगिक ग्राम स्थापनाको निती तथा कार्यक्रम अनुसार यस गाउँपालिकामा औद्योगिक ग्राम स्थापनार्थ जग्गको उपलब्धता तथा उपयुक्ता समेतको आधारमा जग्गा छनौट गरी औद्योगिक ग्राम घोषणार्थ आवश्यक पहल गर्न तपशिल बमोजिमको निर्णय गरियो ।

३.१ उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश पोखराबाट औद्योगिक ग्राम स्थापनार्थ अध्ययनका लागि खटिआएको Rajdevi Engineering Consultancy Pvt Ltd. ECN Consultancy Consultants Pvt ltd. JV परामर्शदाता संस्थाले यस गाउँपालिकाको सिफारिस समेतका आधारमा गरेको सम्भाव्यता अध्ययन प्रतिवेदनले उपयुक्त ठहर गरेको, कुनै खरि किचलो नरहेको, यातायात, सञ्चार, विद्युत, ढल निकास लगायतका पुर्वाधार सुविधा समेत भएको/(पुर्वाधार विकासको सम्भावनाको दृश्टिकोणले समेत उपयुक्त

देखिएको) कच्चा पदार्थको उपलब्धता र बजारको पहुँचका हिसाबले समेत सम्भाव्य देखिएको वडा नं. ......६........ (साविक ताकम गा.वि.स. वडा नं...३...........) को कि.नं. ..नापी नभएको... क्षेत्रफल ..३०. रोपनी औध्योगिक ग्राम घोषणा तथा संचालन कार्यविधि, २०७५ को दफा ८ (२) बमोजिम हाल (कुनै जंगल, वन वुट्यान नभएको/खोलाले धार परिवर्तन गरी खालि बगर रहेको/ सामुदायिक वनले वगटेको प्रति जग्गा/ नेपाल सरकारको नाउँमा रहेको जग्गा/ निजी जग्गा/ अन्य केही भए सन्दर्भ अनुसार उल्लेख गर्ने) रानिवास चिप्लेटी स्थानमा जम्मा क्षेत्रफल .५०. रो. मध्ये ..३०..रो.. क्षेत्रफलमा औद्योगिक ग्राम स्थापना गर्न उपयुक्त देखिएकोले सोही स्थान छनौट गर्ने ।

३.२ छनौट भएको उपरोक्त अनुसारको कि.नं. नापी नभएको को जग्गामा औध्योगिक ग्राम घोषणा तथा संचालन कार्यविधि, २०७५ (संघिय) को दफा ९ (२) को कार्यान्वयनका लागि सोही कार्यविधिको दफा ९ (१) बमोजिमको आवश्यक प्रकृया पुरा गरी पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश पोखरालाई अनुरोध गर्न गाउँपालिकाको कार्यालयलाई निर्देशन दिने ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि व्यापक छलफल गर्दा जिल्ला समन्वय समितिको कार्यालय, म्याग्दीको च.नं. ६६ मिति २०७६।५।२३ को पत्रबाट यस गाउँपालिकाबाट २ (दुई) ओटा नयाँ पर्यटकिय गन्तव्य स्थान पहिचान (छनौट) गरी पठाउन पत्रचार भएकोमा देहाय बमोजिमका २ (दुई) वटा नयाँ पर्यटकिय गन्तव्य स्थान पहिचान गरी पठाउने निर्णय गरियो ।

क) धारापानी, काफलडाँडा, मच्छिम, खोरीया, जलजला, रुघाचौर हुँदै गुर्जा पर्यटकिय पदमार्ग

ख) मराङ्ग, मलम्पार, डाँडाकटेरी, रिखार, कालिबराह, लेते पर्यटकिय पदमार्ग